बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**सामाजिक विकास कार्यालय हेटौंडा, मकवानपुर**

**सामुदायिक पुस्तकालय सवलीकरणका लागि प्रस्ताव पेश गर्ने बारे सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/१०/१२)

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "सामुदायिक पुस्तकालय सवलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०८२" बमोजिमको परिच्छेद २ को दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक पुस्तकालयहरुले तोकिए बमोजिमका कागजातहरु सहित उक्त कार्यविधिको अनुसूची-१ को ढाँचामा आवेदन यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२/१०/२६ गते कार्यालय समय भित्र) यस कार्यालयमा पेश गर्न सिन्धुली, मकवानपुर र चितवन जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | **१. प्रस्ताव पेश गर्ने सामुदायिक पुस्तकालय कार्यविधिको परिच्छेद २ को दफा ४ बमोजिम पुरा गर्नु पर्ने शर्तहरु** |
|---|---|
| सामुदायिक पुस्तकालय सवलीकरण अनुदान | क. पुस्तकालय सार्वजनिक (गैर नाफामुलक) हुनुपर्दछ र समुदायस्तरबाट व्यवस्थापन भएको<br>ख. सकेसम्म आफ्नै भवन हुनु पर्ने वा नभए कम्तिमा ५ वर्ष लिजमा लिई पुस्तकालय सम्बन्धी कार्यक्रम सञ्चालन भएको,<br>ग. पुस्तकालयको मानव संसाधनका लागि स्थानीय तहबाट वार्षिक रुपमा नियमित अनुदान दिएको प्रमाण पत्र,<br>घ. पुस्तकालय व्यवस्थापन समिति गठन भएको र पुस्तकालय नियमित रुपमा सञ्चालन भएको,<br>ङ. दैनिक सेवा सञ्चालन गर्न कम्तिमा १ जना कर्मचारी व्यवस्था भएको,<br>च. अनुसूचि-१ बमोजिमको पुस्तकालय सवलीकरण प्रस्तावको साथमा पुस्तकालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तह र कार्यालयबाट सहकार्य गर्ने गरी स्थानीय तहले गरेको प्रतिवद्धता पत्र पेश गर्नुपर्ने,<br>छ. सहकार्यका लागि कार्यालयबाट उपलब्ध गराइएको अनुदान रकमबाट पुस्तक, पत्रपत्रिका, विद्युतीय पुस्तकालय सेवा, शैक्षिक सूचना प्रविधि, कम्प्युटर, प्रिन्टर, फोटोकपी, फर्निचर आदि जस्ता क्षेत्रमा उपयोग गर्नुपर्नेछ ।<br>ज. विगत आर्थिक वर्षमा प्रदेश सरकारबाट यो कार्यक्रम परेका पुस्तकालयहरुले आवेदन गर्न पाइने छैन. |
| | **२. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु** |
| | क. प्रस्तावित बजेटको कार्यान्वयन योजना<br>ख. स्थानीय तहको सिफारिस पत्र<br>ग. सामुदायिक पुस्तकालय दर्ता प्रमाण पत्र प्रतिलिपि<br>घ. पुस्तकालय नवीकरण भएको प्रमाण<br>ङ. पुस्तकालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>च. पुस्तकालय रहेको घरको स्वामित्व खुलेको प्रमाण तथा लिजमा लिएको भए कम्तिमा ५ वर्षका लागि लिएको प्रमाण खुलेको कागजात<br>छ. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात । |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । | |

सम्बन्धित कार्यविधि, अनुसूची फाराम लगायत यस सूचनाको विस्तृत जानकारीको लागि सामाजिक विकास कार्यालय, बागमती प्रदेश हेटौंडाको वेबसाइट http://www.sdohetauda.bagamati.gov.np मा हेर्न तथा ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख

सूर्य बहादुर दहाल

कार्यालय प्रमुख